## ०७.३० रोल्ड ओट्स (Rolled Oats)

### १. गुणस्तरको क्षेत्र (Scope)

यो गुणस्तर मानव उपभोगको लागि उत्पादन तथा प्याकेजिङ्ग गरिएको रोल्ड ओट्स (Rolled Oats) मा लागू हुनेछ।

### २. परिचय (Description)

रोल्ड ओट्स (Rolled Oats) भन्नाले स्वच्छ, सफा जै (*Avena sativa* or *Avena byzantine)* लाई दलेर भूस हटाई (Dehulled), बफ्याएर (Steamed) रोलर वा अन्य उपयुक्त विधिबाट चेप्टो (Flaked) पारी भुटेर (Roasted) तयार गरिएको खाद्य पदार्थलाई सम्झनु पर्दछ। रोल्ड ओट्स अन्तर्गत चाँडो पाक्ने ओट्स र तयारी ओट्स (Quick Cooking Oats and Instant Oats) पनि पर्दछन्।

### ३. आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)

(क) रोल्ड ओट्स स्वच्छ र सफा भइ चारित्रिक स्वाद र बास्ना भएको हुनु पर्नेछ।

(ख) रोल्ड ओट्स ढुसी तथा किरा लागेको, सडेको तथा ओसिएको हुनुहुँदैन।

(ग) रोल्ड ओट्समा कुनै किसिमको जैविक तथा अजैविक बाह्य पदार्थ (Organic and Inorganic Extraneous Matter) को उपस्थिति हुनु हुँदैन।

(घ) रोल्ड ओट्समा बाह्य रङ्ग प्रयोग गर्न पाइने छैन ।

रोल्ड ओट्समा देहाय बमोजिमका मापदण्डहरु पूरा भएको हुनु पर्नेछ।

| क्र.सं. | चारित्रिक गुणहरु | मात्रा |
|---|---|---|
| १. | जलांश, प्रतिशत तौलको आधारमा, बढीमा (Moisture, percent by mass, maximum) | १२.० |
| २. | कुल भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Total ash, percent on dry mass basis, maximum) | २.० |
| ३. | डाइलुट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढिमा (Ash insoluble in dilute Hydrochloric acid, percent on dry mass basis, maximum) | ०.१ |
| ४. | कुल प्रोटिन*, प्रतिशत सुख्खा तौलको आधारमा, घटीमा (Total Protein, percent on dry mass basis, minimum) | १०.० |
| ५. | क्रुड फाइबर, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Crude fiber, percent on dry mass basis, maximum) | २.० |

| | | |
|---|---|---|
| ६. | अल्कोहोलिक अम्लता प्रतिशत (९० प्रतिशत अल्कोहल) सलफ्युरिक एसिडको आधारमा, बढीमा (Alcoholic acidity (%) expressed as $H_2SO_4$ with 90% alcohol, maximum) | ०.१८ |
| ७. | यूरिक एसिड, मिलिग्राम प्रति किलोग्राम बढीमा (Uric acid, mg/kg, maximum) | १०० |
| ८. | माइकोटक्सिन (कुल अफ्लाटक्सिन), माइक्रोग्राम प्रति किलोग्राम, बढीमा (Mycotoxin as total aflatoxin), µg/kg, maximum) | १५ |

*कुल प्रोटिन (Total protein) प्रतिशत = नाइट्रोजन प्रतिशत (% N) × ६.२५

**द्रस्टव्यः**

(क) अजैविक बाह्य पदार्थ (Inorganic Extraneous Matter) भन्नाले ढुङ्गा, बालुवा, काँच (शिसा), प्लाष्टिक वा सो को टुक्राहरू, माटो, धातुका टुक्रा जस्ता अखाद्य पदार्थलाई सम्झनु पर्दछ।

(ख) जैविक बाह्य पदार्थ (Organic Extraneous Matter) भन्नाले कपाल/रौं, भूस, चोकर, परालका टुक्रा, अखाद्य दाना, जिउँदो वा मरेको कीरा/मुसा, सो को अंश र फोहोर तथा पशुजन्य अन्य फोहोर पदार्थ जस्ता अखाद्य पदार्थलाई सम्झनु पर्दछ।

## ४. कन्टामिनेन्ट्स (Contaminants ), टक्सिन्स (Toxins) तथा अवशेष (Residues)

रोल्ड ओट्समा कन्टामिनेन्ट्स (Contaminants) जस्तैः जीवनाशक विषादीको अवशेष, हेभी मेटल्स (Heavy Metals), सुक्ष्म जीवाणुहरू तथा टक्सिन्स (Toxins) लगायत अन्य हानीकारक तत्त्वका अवशेषहरुको अधिकतम मात्रा नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ।

## ५. स्वच्छता (Hygiene) सम्बन्धी व्यवस्था

रोल्ड ओट्सको उत्पादन, प्याकेजिङ्ग, ह्याण्डलिङ्ग, भण्डारण तथा ढुवानीमा स्वच्छता तथा गुणस्तर कायम गर्ने सम्बन्धी निर्देशिका नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

## ६. प्याकेजिङ्ग र लेवलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)

रोल्ड ओट्सलाई सफा र सुख्खा खाद्य ग्रेडको प्याकेजिङ्ग सामग्रीमा सिलबन्द गरी प्याकेजिङ्ग गर्नु पर्नेछ। प्याकेजिङ्ग गरीएको रोल्ड ओट्सको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोके बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ।

नोटः यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एकानब्बेऔं दिनबाट लागु हुनेछ।